नेपाल सरकार
गृह मन्त्रालय

विषय : **जुरे पहिरो पीडितको लागि संकलित रकम फुकुवा सम्बन्धमा ।**

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः२०७५।०७।१४

१. विषयको संक्षिप्त व्यहोरा :

२०७१ साल श्रावण १७ गते सिन्धुपाल्चोक जिल्लाको मांखा र राम्चेबीचको जुरेमा गएको भिषण पहिरोमा परि १४५ जनाको मृत्यु, १३० घर पूर्ण रुपमा नष्ट र ४७ घरमा आंशिक रुपमा क्षति भएको थियो । उक्त घटनाबाट प्रभावितहरुलाई राहत उपलब्ध गराउन जनस्तरबाट नेपाल बैंक लि. सिन्धुपाल्चोक शाखाको राहत कोष खाता नं. ०५७००१००६६१३६००००००१ मा रकम रु. २,२४,६६,६५७/८५(दुई करोड चौबिस लाख छैसठ्ठी हजार छ सय सन्ताउन्न रुपैया पैसा पचासी) जम्मा भएको र हालसम्म उक्त रकम सोही खातामा रहेको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

तत्कालिन केन्द्रीय दैवी प्रकोप उद्दार समितिको मिति २०७१/०४/२५ को निर्णयानुसार उक्त रकम तत्कालिन जिल्ला दैवी प्रकोप उद्दार समितिले आवश्यक कार्यविधि बनाई ३(तीन) महिनाभित्र खर्च गर्ने निर्णय गरेकोमा उक्त समयावधिमा सो रकम खर्च नभएको । तत्कालिन केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७३/०१/२७ गतेको निर्णयानुसार २०७२ को भूकम्प प्रभावितको लाभग्राही सूचीमा परेकाहरुको हकमा पहिरो र भूकम्प प्रभावितको दोहोरो सुविधा नदिने निर्णय गरेको । पहिरो प्रभावित मध्ये भूकम्प प्रभावितको लाभग्राही सूचीमा नपरेकालाई पुनर्स्थापना गर्नका लागि उक्त रकम खर्च गर्न फुकुवा गरिदिनहुनका लागि जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट माग भै आएको ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश :

प्रकरण १ र २ मा उल्लेखित व्यहोरा अनुसार बैंक खातामा रोक्का भै रहेको र पहिरो प्रभावितको पुनर्स्थापना पनि हुन नसकेको परिप्रेक्षमा जनस्तरबाट संकलित रकम जुरे पहिरो पीडित घरपरिवारले दोहोरो सुविधा नपाउने गरी राहत रकम उपलब्ध गराउन मन्त्रिपरिषद्मा प्रस्ताव लैजान माननीय गृहमन्त्रीज्यूबाट मिति २०७५।०७।१४ गते स्वीकृती प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या ३९ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः

(क) जुरे पहिरो पीडितहरुलाई राहत उपलब्ध गराउन नेपाल बैक लि. चौतारा शाखा राहत कोष २०७१ खाता नं. ०५७००१००६६१३६००००००१ मा संकलित रकम रु. २,२४,६६,६५७/८५(दुई करोड चौबिस लाख छैसठ्ठी हजार छ सय सन्ताउन्न रुपैया पैसा पचासी) वितरणका लागि सिन्धुपाल्चोक जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित गाउँपालिकाको विपद् व्यवस्थापन समितिसंग समन्वय गरी भूकम्प प्रभावितको लाभग्राही सूचीमा परि सेवासुविधा लिएकाहरुलाई पहिरो पीडितको राहत सहायता नपाउने गरी मापदण्ड तयार गरी वितरण गर्ने प्रयोजनका लागि फुकुवा गर्ने ।

(ख) उक्त रकम सिन्धुपाल्चोक जिल्लाको प्रमुख जिल्ला अधिकारीको समन्वय र सहकार्यमा जुरे पहिरो पिडितको अधिकतम हितका लागि प्रचलित ऐन, नियमानुसार प्रभावकारी र पारदर्शी ढंगले मापदण्ड बमोजिम ६ (छ) महिनाभित्र वितरण गरी गृह मन्त्रालयमा प्रतिवेदन गर्ने ।

मिति : २०७५।०७।१५

(प्रेमकुमार राई)
सचिव

श्री सचिव,
गृह मन्त्रालय ।

जुरे पहिरो पीडितको लागि संकलित रकम फुकुवा विषयको गृह मन्त्रालयको नं. ८/१०१-०७५/७/१६ को प्रस्ताव मं.प.बै.सं. ३९/०७५ मिति २०७५/७/२९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

नेपाल सरकारको निर्णय –

"भूकम्प पीडितले पाएको राहत रकम र पहिरो पीडितलाई उपलब्ध गराउने रकम समान हुने गरी राहत वितरण गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७५/७/२९

७।११।७३।७५